
समृद्धिका लागि
राजनीति
विनोद चौधरी
प्रतिनिधि सभा उम्मेदवार नवलपरासी (ब.सु.प.) क्षेत्र नं .१
केन्द्रीय सदस्य, नेपाली कांग्रेस

## नवलपरासी (बर्दघाट–सुस्ता पश्चिम) निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार **विनोद चौधरी**का प्रतिबद्धता

आदरणीय आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरु,

२०७९ मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन हुँदैछ । यस निर्वाचनमा नेपाली कांग्रेसले यसै निर्वाचन क्षेत्रबाट प्रतिनिधिसभा (प्रत्यक्ष) तर्फ उम्मेदवार बन्ने अवसर प्रदान गरेकोले मैले उम्मेदवारी दर्ता गरेको छु । निर्वाचनलाई राष्ट्रिय उत्सवका रुपमा लिई सक्रियतापूर्वक सहभागी भई मतदान गर्नुहुन सम्पूर्ण मतदाताज्यूहरुमा म विनम्रतापूर्वक अनुरोध गर्दछु । नवलपरासी (ब.सु.प.) १ मेरा लागि अपरिचित ठाउँ होइन । चार दशकभन्दा लामो समयदेखि यस जिल्लासँग प्रत्यक्षरुपमा जोडिएर काम गर्दै आएको छु । यसपटक भने प्रतिनिधिसभा सदस्यको उम्मेदवारका रुपमा यस क्षेत्रको समग्र विकास र समृद्धिको योजनासहित यहाँहरुसमक्ष उपस्थित भएको छु ।

# समृद्ध नवलपरासीका लागि
# विनोद चौधरी



छिमेकी जिल्लाहरुको तुलनामा यो क्षेत्र विकास र समृद्धिको दृष्टिकोणले पछि परेको तथ्य छर्लङ्ग छ । विकास र समृद्धिका दृष्टिकोणले यस क्षेत्र ३० वर्ष पछाडि परेको अनुभव हामी सबैले गरेकै छौं । अब हामी यहि नियति दोहोर्‍याउने वा यस क्षेत्रमा विकासको गतिलाई तीव्र बनाउने भन्ने निर्णायक घडीमा छौं । यहाँहरु समक्ष मेरो अनुरोध छ, अब हामी विकास, समृद्धि र सामाजिक परिवर्तनको बाटोमा हिड्नुपर्छ । यही एजेण्डाका साथ म तपाईहरुका बीचमा आएको छु ।

पटकपटक व्यवस्था फेरिएपनि अवस्था नफेरिने विडम्बनाबाट यस क्षेत्रलाई मुक्त गर्दै सुनौलो भविष्यतर्फ अग्रसर गराउन मैले केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय पालिकाहरुसँग आवश्यक समन्वय गरी काम गर्ने प्रण गर्दछु ।  समृद्ध नवलपरासीको हाम्रो सपना पूरा गर्नका लागि रुख चिन्हमा मतदान गरी अत्याधिक मतले मलाई विजयी गराइदिन हुन विनम्र अनुरोध गर्दछु । यहाँको अमूल्य मत खेर जान नदिने प्रण गर्दछु ।

# मेरा प्रतिबद्धताहरु

१. नवलपरासी निर्वाचन क्षेत्र नं. १ लाई विकास र समृद्धिमा लुम्बिनी प्रदेशकै नमुना निर्वाचन क्षेत्रका रुपमा स्थापित गर्न गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

२. यस निर्वाचन क्षेत्रभित्र पर्ने सडक (पूर्व-पश्चिम राजमार्ग, हुलाकी सडक, पालिका एवं भन्सार नाका जोड्ने भित्री सडकहरु र बाटोघाटो) स्तरीय बनाइनेछ ।

३. यस निर्वाचन क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको गुणस्तर अभिवृद्धि, प्राविधिक शिक्षालयको स्थापना एवं सञ्चालनका साथै स्नातकोत्तर अध्ययनको व्यवस्था मिलाइनेछ ।

४. यस निर्वाचन क्षेत्रका सरकारी विद्यालयमा डिजिटल क्लासरुम र ई-पुस्तकालयको व्यवस्था गरिनेछ ।

५. यस निर्वाचन क्षेत्रका हरेक नागरिकलाई सहज रुपमा गुणस्तरीय स्वास्थ्य सेवा पाउने व्यवस्था मिलाइने छ ।

६. यस निर्वाचन क्षेत्रका युवाहरुलाई उद्यमशीलतासँग जोड्न विभिन्न स्वरोजगार मूलक तालिमका साथै सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

७. श्रृजनशील व्यावसायिक सोच भएका तर पूँजीको अभावमा आफ्नो सोच कार्यान्वयन गर्न नपाएका युवाहरुलाई 'स्टार्टअप फण्ड'सँग जोडिनेछ ।

८. सूचना प्रविधिसँग सम्बन्धित परियोजनाहरुलाई कार्यान्वयनमा लैजान युवाहरुका योजनालाई

नेपाल राष्ट्र बैंकको नीति बमोजिम बैंक तथा वित्तीय संस्थाबाट सहज रुपमा लगानी गर्ने वातावरण मिलाइनेछ ।

९. यस क्षेत्रबाट वैदेशिक रोजगारीमा गएका वा जान बाध्य हुने युवाहरुलाई स्थानीय तहमै रोजगारी एवं स्वरोजगारीका अवसरहरु उपलब्ध गराई आफ्नै जन्मथलोमा बसेर आयआर्जन गर्न पाउने वातावरण तयार गर्नेतर्फ दरिला कदम चालिनेछ ।

१०. निर्वाचन क्षेत्रलाई केराखेती विशेष क्षेत्र (Banana Special Zone) का रुपमा स्थापित गरिनेछ ।

११. यस निर्वाचन क्षेत्रमा केरा उत्पादक किसानहरुलाई प्रत्यक्ष लाभको सुनिश्चितताका लागि केरामा आधारित उद्योग स्थापना गर्न आवश्यक सहजीकरण गरिने छ । यसबाट

किसानले आफ्ना उत्पादनको उचित मूल्य नपाउने हालको परिस्थितिको अन्त्य भई यसबाट केराखेती व्यवसाय प्रवर्द्धन हुनेछ ।

१२. यस निर्वाचन क्षेत्रमा भारतमा निर्यात प्रवर्द्धन गर्ने लक्ष्यका साथ औद्योगिक ग्राम स्थापनाका लागि विशेष पहल लिइनेछ । यसबाट यहाँको बेरोजगारी समस्या समाधानमा विशेष टेवा पुग्ने विश्वास लिइएको छ । साथै यो क्षेत्र निर्यात प्रवर्द्धन विशेष क्षेत्रका रुपमा समेत विकास गर्ने दीर्घकालीन लक्ष्य लिइएको छ ।

१३. यस निर्वाचन क्षेत्रका महिलाहरुलाई लक्षित गरेर महिला सीप विकास एवं लघु उद्यमशीलताका कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. यस निर्वाचन क्षेत्रका नागरिकका समस्या समाधानका लागि सहजीकरण गर्न निर्वाचन

क्षेत्रमा सांसदको सचिवालय स्थापना गरिनेछ भने केन्द्रमा सम्पर्क कार्यालय स्थापना गरिनेछ।

१५. उखु किसानले हाल भोग्दै आएको भुक्तानीको समस्या अन्त्य गरिनेछ । साथै किसानलाई उखुको उचित मूल्य र बजार सुनिश्चितताको व्यवस्था मिलाइनेछ ।

१६. किसानलाई नगदे बालीमा प्रोत्साहन गरी दीर्घकालीन आयको सुनिश्चितता गर्ने वातावरण तयार गरिनेछ ।

१७. सिचाइँमा आधारित धान, गहुँलगायतका परम्परागत खेतीलाई व्यवसायीकरण गरी किसानको आयआर्जनको दीगो वातावरण मिलाइनेछ । साथै सिचाइँ व्यवस्थापनमा रहेको हालको समस्यालाई समाधान गर्नेतर्फ आवश्यक पहल गरिनेछ ।

१८. किसानले वर्षौंदेखि भोग्दै आएका रसायनिक मल, बीउबिजनको समस्यालाई अन्त्य गर्न माग अनुसारको आपूर्ती गर्ने व्यवस्था मिलाइनेछ ।

१९. आर्सेनिकका कारण शुद्ध खानेपानीको समस्या व्यहोरिरहेका नागरिकहरुलाई शुद्ध खानेपानीको व्यवस्था मिलाउने कामलाई द्रुत गतिमा अगाडि बढाइने छ ।

२०. कुनै दुर्घटना वा अन्य कारणले हातखुट्टा गुमाएका यस निर्वाचन क्षेत्रका नागरिकलाई कृत्रिम हातखुट्टाको निशुल्क व्यवस्था मिलाउन उनीहरुलाई 'सवल केन्द्र'सँग जोडिनेछ ।

२१. सरकारी कार्यालयबाट प्रवाह हुने सेवाको सहजता र गुणस्तरलाई विशेष प्राथमिकता दिई आमनागरिकले बिना कुनै झन्झट सेवा पाउने वातावरण तयार गरिनेछ ।

२२. भारतसँग जोडिएका यी नाकाहरु मार्फत् नेपाल-भारतबीच आयात निर्यात व्यापार प्रवर्द्धन गर्न नेपाल सरकार र भारत सरकारबीच कुटनीतिक पहल गरिनेछ ।

२३. यस निर्वाचन क्षेत्रमा सुख्खा बन्दरगाह (Dry Port) स्थापनाका लागि पहल गरिनेछ ।

२४. यस निर्वाचन क्षेत्रमा सम्बन्धित निकायबाट सहज रुपमा जग्गाधनी प्रमाणपत्र पुर्जा दिलाउन पहल गरिनेछ ।

२५. भूमिसम्बन्धी समस्या समाधान गर्न सरकारकासँग समन्वय गरी समस्या समाधान गरिनेछ ।

२६. पर्यटन प्रवर्द्धन गर्न यस क्षेत्रभित्र रहेका र योसँग जोडिएका त्रिवेणीधाम, रामग्राम, बुद्धमंगल ताल, कञ्चनगढी, संसारीकोट,

त्रिनेत्रधामलगायत अन्य  धार्मिक एवं पर्यटकीय स्थलहरुको अध्ययन गरी पूर्वाधार विकासमा जोड दिइनेछ ।

२७. सीमा क्षेत्रमा रहेका केहि नेपाली भूमि गुगल म्यापमा भारततर्फ देखिने गरेका कारण स्थानीयले बैंक तथा वित्तीय संस्थाबाट उक्त जग्गा धितोमा राखी ऋृण नपाउने अवस्था छ । उक्त समस्या समाधानका लागि बैंक तथा वित्तिय संस्था एवं सरकारको सम्बन्धित निकायसँग समन्वय गरी यथाशीघ्र समाधान गरिनेछ ।

२८. पिछडिएका मुसहरका लागि आवासको उचित व्यवस्था मिलाइनेछ ।

२९. डुबानबाट प्रभावित घरधुरीको वास्तविक अवस्था अध्ययन गरी सुरक्षित आवासको वैकल्पिक व्यवस्थाका लागि पहल गरिनेछ ।

३०. यस क्षेत्रमा खेलकुदको विकास गर्न रंगशाला लगायत विभिन्न कार्यक्रमहरु तय गरिनेछ ।

३१. गण्डक परियोजना अन्तर्गत १५ मेगावाट क्षमताको हाइड्रोपावरले हाल अधिकतम ३ मेगावाट मात्र उत्पादन गरिरहेको अवस्था छ । यस परियोजनाबाट पूर्ण क्षमतामा विद्युत उत्पादन गर्न नेपाल र भारततर्फका सम्बन्धित निकायहरुसँग समन्वय गरी विद्यमान समस्याको समाधान गरिनेछ ।

# नवलपरासी (ब.सु.प.) क्षेत्र नं. १ का जनताको माझमा...





















संविधानको रक्षा, स्थिरता र समृद्धिका लागि

# रूख चिन्हमा मतदान गरौं




विनोद चौधरीको सम्पर्क सचिवालय
फोन नं. + ९७७-९८५१०२३३७३
binodchaudhary.pol@gmail.com
Mr.BinodChaudhary BinodKChaudhary binodk.chaudhary